आज मिति २०८२/०९/०१ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को छैटौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण वहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता वहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख वहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल वहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य वहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी वुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | विजय पौडेल | सचिव | |
| आमन्त्रित | | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १६. | हेमराज वस्नेत | इन्जिनीयर | |

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ६
मितिः २०८२/०९/०१ गते,मंगलवार

मिति २०८२/०९/०१ गतेको छैटौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क्र सं | प्रस्तावको विषय | निर्ण य हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को पाँचौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को पाँचौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | प्रशासकीय भवनको लागत अनुमान स्विकृत गर्ने सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि लागत अनुमान स्विकृत गर्ने । | |
| (३) | धरमपानी रैजनपानी मोटर बाटोको मुल्य समायोजन सम्वन्धमा । | • धरमपानी रैजनपानी मोटर बाटो र निशानटाकुरा धनुवास जेविनडाँडा खर्नापाखा बर्वोट फौवाटारी चुँजाठाँटी उपल्लो बजार तथा धरमपानी गिरचौर मोटर बाटो स्तरोन्नती कार्यको थप काम गर्ने । | |
| (४) | शिक्षकहरुको स्थानीय भत्ता सम्वन्धमा | • मल्लरानी गाउँपालिका भित्र कार्यरत शिक्षकहरुको स्थानीय भत्ता माग गर्न पत्राचार गर्ने । | |
| (५) | विविध विषयहरु सम्बन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• अपाङ्गता भएका ब्यक्तिहरुको सञ्जाल गठन पुनर्गठन र परिचालन कार्यबिधि २०८२ स्विकृत सम्वन्धमा ।<br>• लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान सम्वन्धि खर्च ब्यवस्थापन सम्वन्धमा ।<br>• विद्यालयको प्रस्ताव स्विकृत गर्ने ।<br>• आर्थिक सहायोग गर्ने । | |
| (६) | बहु क्षेत्रीय पोषण कार्यक्रम सम्वन्धमा | बहु क्षेत्रीय पोषण कार्यक्रम स्विकृत गर्ने । | |

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

१. आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८२/०९/०१ मा बसेको पाँचौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।कार्यान्वयन गर्न वाँकी रहेका निर्णयहरु यथाशक्य छिटो कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीय पूर्वाधार बिभागबाट कार्यक्रम स्विकृत भएकोले प्रशासकीय भवनको रु ११,९४,४६,४८३।( अक्षरुपी एघार करोड चौरानब्बे लाख छयालिस हजार चार सय त्रियासी मात्र) को लागत अनुमान स्विकृत गर्ने र २०८४ आषाढ मसान्त सम्ममा कार्य सम्पन्न हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. मल्लरानी गाउँपालिका आ.ब.२०८२/८३ मा बोलपत्र आह्वान भई निर्माण कार्य भइरहेको योजना "धरमपानी रैजनपानी चौरपानी मोटरबाटो निर्माण" ठेक्का न 02-MRM/NCB-2082/83 मिति २०८२/०६/२९ गते इन्सिका कन्स्ट्रक्सन प्रा.लि ऐराबती गाउँपालिका -३ प्युठान संग सम्झौता भई निर्माण कार्य भैरहेको र सुरुको लागत अनुमानमा नालीको काम ४१८ मिटर ,ग्राभेल राख्ने काम ४१८ मिटर ,आर.सी.सी.सल्याब १५ मिटर,बाटो चौडा गर्ने कार्य ९.९ कि.मि. समाबेश भएको र उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा ६० से.मि. ह्युप पाइप छुटेको र बजेट अनुसार लागत अनुमान तयार भएको कारण उक्त बाटो नाली गराउने कार्य ,ग्राभेल र आर.सी.सी.सल्याब कार्य अपूर्ण भई सवारीसाधन आवतजावत असर पर्ने हुँदा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम भेरिएसन गरि २३० मिटर नाली थप ,२३० मिटर ग्राभेल राख्ने ,६ मिटर आर.सी.सी. र ६० से.मि. ह्युप पाइप १५ मिटर राख्ने निर्यण गरियो ।

४. मल्लरानी गाउँपालिका आ.ब.२०८२/८३ मा बोलपत्र आह्वान भई निर्माण कार्य भइरहेको योजना " निशानटाकुरा-धनुबासं-जेबिनडाडा-खर्नापाखा -बर्बोट चौर -फौवाटारी -चुजाठाटि उपल्लो बजार तथा धरमपानि गिरचौर मोटरबाटो स्तरोन्नति ठेक्का न 06-MRM/NCB-2082/83 मिति २०८२/०७/२५ गते नबयोग कन्स्ट्रक्सन खलंगा ,प्युठान संग सम्झौता भई निर्माण कार्य भैरहेको र सुरुको लागत अनुमानमा २०० मिटर लम्बाई र ३ मिटर चौडाई र उचाई ०.१ मिटर रहेकोमम PAVEMENT DESIGN GUIDELINES अनुसार सडकको आर.सी.सी. ढलान गर्दा कम्तिमा १५ से.मि. उचाई हुनुपर्ने मापदण्ड रहेको तथा बाटोको निर्माण कार्य गर्दा चौडाई ३.५ मिटर भन्दा बढी रहेको साथै २२ मिटर लम्बाई ढलान गर्न बाँकी देखिएकोले थप २२ मिटर लम्बाई र ३.५ चौडाई ढलान र ६० से.मि. ह्युम पाइप पनि २.५ मिटर सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम भेरिएसन गरि थप गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बैठक संख्याः ६

मितिः २०८२/०९/०१ गते,मंगलबार

५. मल्लरानी गाउँपालिका भित्र कार्यरत शिक्षकहरुलाई यस आ व देखि स्थानीय भत्ता उपलब्ध गराउन नियमानुसार आधारभूत र माध्यमिक तहका शिक्षकहरुको अपुग तलवभत्ता र स्थानीय भत्ताका लागि रकम रु २१,८५,१८७।( अक्षेरुपी एक्काइस लाख पचासी हजार एक सय सतासी मात्र) शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरमा माग गरी पठाउने गर्ने निर्णय गरियो ।

६. संघीय सशर्त अनुदान तर्फको भर्चुअल शिक्षण, इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्रि तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि मल्लरानी गाउँपालिका वडा नं ३ स्थित जनकल्याण आधारभूत विद्यालय चौथिलाउने छनोट गर्ने निर्णय गरियो ।

७. मल्लरानी गाउँपालकाको अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल गठन, पुनर्गठन र परिचालन कार्यविधि, २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

८. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालनका क्रममा उक्त शिर्षकमा विनियोजित रकम नपुग नभएकोले रु १७,८००।(अक्षेरुपी सत्र हजार आठ सय मात्र) लक्षित वर्ग तर्फ विनियोजित दिवसीय कार्यक्रम शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

९. मल्लरानी गाउँपालिका वडा नं १ को चुँदरीखोलामा सडक चिप्लो भई आवतजावतमा समस्या भएकोले गाउँपालिका तर्फ सडक मर्मत सम्भार शीर्षकमा विनियोजित रकमबाट मर्मत गर्ने निर्णय गरियो ।

१०. मल्लरानी गाउँपालिकामा रहेका बालबालिकाहरुको मुटु जाँच गर्नको लागि अध्यक्ष बिशेष कोषको सामाजिक विकास शिर्षक तर्फको रकमबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

११. निम्न बमोजिमका व्यक्ति तथा संघ/संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- मल्लरानी गाउँपालिका वडा नं ५ स्थित भूमी विकास मा वि मा कक्षा १० मा अध्ययनरत विद्यार्थी छात्रवासमा रहँदा विरामी परेकोले उपचार खर्च वापत लागेको खर्च रु ९०१८। उपलब्ध गराउने ।

१२. सशर्त अनुदान तर्फ प्राप्त बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत आ व ०८२।८३ को लागि निम्न बमोजिमको कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## मल्लरानी गाउँपालिका खलंगा, प्युठान

## बहुक्षेत्रीय पोषण कार्यक्रम वार्षिक कार्ययोजना आ व २०८२/०८३

## गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति २०८२/०९ /०१

कुल बजेट १७ लाख मात्र

| क्र स | विषयगत क्षेत्र | क्रियाकलापहरु | पटक | स्रोत | रकम | युरेपियनयुनियन |
|---|---|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | पोषण सहजकर्ताको पारिश्रमिक | १३ | नेपाल सरकार | ३,००,०००। | |
| | | गाउँपालिका स्तरीय पोषण समितिको बैठक | १ | | | ३०,०००। |
| | | वडा स्तरीय पोषण निर्देशक समितिको बैठक | १ | | | २०,०००। |
| | | पोषणमैत्री स्थानिय शासन प्रर्वद्धन(पोषणमैत्री नमुना टोल) | १ | | | १,००,०००। |
| २ | शिक्षा क्षेत्र | बालविकास केन्द्रका सहजकर्ताहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण | १ | | | १,५०,०००। |
| ३ | महिला तथा बालबालिका क्षेत्र | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागिआआर्जन अनुदान | १ | | | ७,००,०००। |
| | | बालक्लब र वाल सञ्जाल सदस्यहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ | | | ५०,०००। |
| ४ | खानेपानी तथा सरसफाइ क्षेत्र | मल्लरानी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था र विद्यालयहरुमा प्रयोग हुने खानेपानीको मुहानको पानी परीक्षण | १ | | | ५०,०००। |
| ५ | कृषि क्षेत्र | सुनौला हजार दिनका आमाहरुलाइ विउपल वितरण | १ | | | ५०,०००। |
| ६ | पशुपन्छी क्षेत्र | ५०प्रतिसत बोयर क्रस बोका वितरण | १ | | | ५०,०००। |
| ७ | स्वास्थ्य क्षेत्र | ०-२३ महिनाका बालवालिकाहरुको वृद्धि अनुगमन औषत १८ पटक भन्दा माथी भएका बालवालिकालाई विशेष पोषण प्रोत्साहन प्याकेज ब्यवस्था गरी यस आ.व. मा १८ औषत १८ पटक भन्दा माथी पुर्याउने | १ पटक ५ वटै वडाहरु | | | २,००,०००।- |
| | जम्मा | | | | | १७,००,०००। |

प्रमुख प्रशासकीय अधिकृत